महाकुलुङ गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री सूर्य बहादुर राईले
महाकुलुङ गाउँपालिकाको सोह्रौं गाउँसभालाई सम्बोधन गर्दै प्रस्तुत गर्नुभएको

# **महाकुलुङ गाउँपालिकाको नीति तथा कार्यक्रम २०८२/८३**

स्थानीय सरकार
महाकुलुङ गाउँपालिका, सोलुखुम्बु ।
२०८२ असार १० गते

**महाकुलुङ गाउँसभाका मान्य सदस्य ज्यूहरु,**

१. यो सम्मानित सभामा गाउँपालिकाको अध्यक्षको हैसियतले आगामी आ.व.०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुसी महसुस गरेको छु ।

२. यस अवसरमा सर्वप्रथम नेपालको राष्ट्रियता रक्षा, विभिन्न राजनीतिक परिवर्तन लगायतका महत्वपूर्ण आन्दोलनमा अमूल्य जीवन गुमाएका ज्ञात अज्ञात सहिदप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु साथै विभिन्न जनआन्दोलनका घाइतेहरु तथा पिडित परिवारलाई सम्मान व्यक्त गर्न चाहन्छु ।

३. नेपालको संविधानले गरेको व्यवस्था अनुसार संघीय नेपालको तीन तहको सरकार मध्ये स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार हो । स्थानीय सरकार नै नागरिकलाई आधारभूत सेवा दिने एकमात्र निकाय हो भन्ने कुरा वि.सं. २०७४ बाट हालसम्मको संघीयता कार्यान्वयनको अभ्यासले देखाइसकेको छ ।

४. स्थानीय सरकारको अधिकार क्षेत्र तथा कर्तव्यहरु नेपालको संविधानमा नै व्यवस्था गरिएको छ । नेपालको संविधानले नै स्थानीय तहलाई ऐन, नियमावली, कार्यविधी, निर्देशिका लगायतका कानून निर्माण सहित आर्थिक स्रोत वृद्धिको लागि राजस्व संकलनको अधिकार समेत प्रदान गरेको छ ।

५. नेपालको ७५३ स्थानीय तहलाई आफ्नो विकास गर्ने ऐतिहासिक अवसर प्राप्त भएको यो समयमा महाकुलुङ गाउँपलिकाले पनि आफ्नो समृद्धि प्राप्तिको लागि "स्वच्छ, सभ्य र समृद्ध महाकुलुङ" भन्ने मूलमन्त्रका साथ गाउँपालिकाको विकासका सबै क्षेत्रमा समानुपातिक विकासका लागि सकरात्मक प्रयास गर्ने सोँच विकास गरेको छ ।

६. महाकुलुङ गाउँपालिकाको स्थापना पछि यस गाउँपालिकाको सबै वडा तथा क्षेत्रमा सडक सञ्जाल विस्तार भएको छ, जसबाट यहाँका नागरिकको जीवनस्तरमा उल्लेख्य सुधार आएको छ ।

७. स्वास्थ्यतर्फ प्रत्येक वडामा स्वास्थ्य संस्था संचालनमा छन्, टोलटोलमा सामुदायिक स्वास्थ्य इकाई स्थापना भएका छन् भने गाउँपालिकाको गौरवको आयोजना महाकुलुङ आधारभूत अस्पतालको पूर्ण रुपमा संचालन भई MDGP सहितको शल्यक्रिया सेवा, BDS सहित दन्त चिकित्सक सेवा, आँखा उपचार केन्द्र, आयुर्वेद केन्द्र, संचालनमा छ । साथै पोष्टमार्टम सेवा पनि सुचारु भएको छ ।

८. गाउँपलिकालाई राष्ट्रिय विद्युत प्रशारण लाइनसँग जोडिएको छ ।

९. कृषितर्फ पशु वीमा, उन्नत विउ विजन खरिद वितरण, कृषकलाई कृषि सामाग्री सहायता तथा प्राविधिक सहायता प्रदान गरिएको छ, यसले कृषकको उत्पादकत्व वृद्धि भएको छ ।

**मान्य सदस्यज्यूहरु,**

१०. नेपाल सरकारको राष्ट्रिय आकंक्षा, गाउँपलिकाले आवधिक योजना मार्फत लिएको "स्वच्छ, सभ्य र समृद्ध महाकुलुङ" को लक्ष्य, साथै स्थानीय आवश्यकतालाई मध्ये नजर राख्दै आर्थिक वर्ष २०८२/८३ का लागि वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

११. कृषि क्षेत्रको विकासमा व्यवसायिक तथा गुणस्तरीय कृषि अनिवार्य तत्व हो । कृषि क्षेत्रको उत्पादकत्व अभिवृद्धि गरी आवश्यक बजारीकरण गर्ने नीति गाउँपलिकाले अवलम्बन गर्नेछ । यहाँको कृषि क्षेत्रको उपयुक्त बजारीकरणको लागि स्थानीय उत्पादनको प्रतिष्पर्धात्मक मूल्य निर्धारण सहित खाद्यजन्य आयातमा स्थानीय स्तरमै उत्पादन हुने समान वस्तुको बाह्य आयात प्रतिस्थापन गरिनेछ ।

१२. सबै वडामा सडक पहुँच पुगेको अवस्थामा आवश्यक रहेका मोटरेबल पुलहरु हुँगाखोला, भुवा खोलामा मोटरेवल पुल निर्माण सम्पन्न भई संचालनमा आएको छ । फुलवाती खोला तथा बुदुम खोलामा मोटरेबल पुल निर्माण सम्पन्न गरी संचालमा ल्याइने छ । कंखो खोलामा पुल निर्माणको लागि आवश्यक वजेट व्यवस्थापन गरिनेछ ।

१३. सबै वडा कार्यालयहरुको प्रशासनिक सेवा आफ्नै वडा कार्यालयबाट गरिएको छ । आगामी आर्थिक वर्षमा गाउँपलिकाको प्रशासनिक भवनको निर्माण सम्पन्न गरिनेछ ।

१४. महाकुलुङ गाउँपालिकाको कार्यालयहरुको प्रशासनिक सुशासन कायम गर्नको लागि गाउँपालिकाको वेभसाइट अपडेट गर्ने, वडा अन्तर्गत भएका क्रियाकलापहरुलाई समेत समेट्ने गरी गाउँपालिको खर्चको समेत सार्वजनिक गर्ने व्यवस्था गरिनेछ ।

१५. गाउँपालिकाबाट संचालन हुने गाउँकार्यपालिका तथा गाउँसभालाई सबै नागरिकसामु पुऱ्याउनको लागि वैठकलाई लाइभ गर्ने नीति अपनाइनेछ ।

१६. महाकुलुङ गाउँपालिकासँग सीमानामा पर्ने अन्तरजिल्ला, अन्तरपालिका तथा आन्तरिक रुपमा वडागत सीमानाहरुमा दुविधा उत्पन्न भएको अवस्था भएकोले आवश्यक अध्ययन तथा सीमाङ्कनको लागि पहल गरिनेछ ।

१७. स्वास्थ्य सेवालाई सम्भव भएसम्म नागरिकको नजिकमा पुऱ्याइनेछ । वडा वडामा भएका सबै स्वास्थ्य सेवालाई सुबिधासम्पन्न बनाउदै लगिनेछ । ज्येष्ठ नागरिकलाई गाउँपालिकाको लगानीमा स्वास्थ्य वीमा गराइनेछ ।

१८. गाउँपालिकालाई आवश्यक रहेको शव-वाहन व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ ।

१९. महाकुलुङ गाउँपालिका क्षेत्रमा राष्ट्रिय प्रशारण लाइनको सेवा पटक पटक हवरुद्ध हुने गरेको सन्दर्भमा महाकुलुङ गाउँपालिकाको पायक पर्ने गरी सवस्टेसन निर्माण गर्नको लागि आवश्यक पहले गरिनेछ ।

२०. पर्यटनलाई व्यवस्थित गर्न महाकुलुङको बुङ हुँदै पाँचपोखरी मेरापिकको क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखिएको छ । मुद्धि-खोङ्मादिङ रुटको विकासलाई निरन्तरता दिइने छ । मुन्दुम ट्रेलसँग पोम्लालुङ, साहुनेछो, बुकुर, साल्पा, सिलुछो हुँदै खोङ्मादिङ-मेरा क्षेत्रलाई जोड्न आवश्यक पहल गरिनेछ ।

२१. महाकुलुङ गाउँपालिकाभित्र वसोवास गर्ने आदिवासी समुदायहरु कुलुङ र शेर्पा जातिको भाषा, संस्कृति विकासमा उचित लगानी गरिनेछ । कुलुङ समुदायको धार्मिक आस्थाको रुपमा रहेका पोम्लालुङ, तोषखम, पोम्लाकाउ आदिको संरक्षणमा पहल गरिनेछ । साथै शेर्पा समुदायको गुम्बा, चैत्यको विकास विस्तारमा उचित लगानी गरिनेछ । उपयुक्त विद्यालयको छनौट गरी कुलुङ भाषा र शेर्पा भाषाको शिक्षालाई निरन्तर कक्षोन्नति गर्दै लगिनेछ ।

२२. गाउँपालिका भित्रको जग्गाहरुको भू-उपयोग योजना अन्तर्गत जग्गा वर्गीकरण गर्ने कार्य सम्पन्न गरिनेछ, साथै गाउँपालिकाभित्रका जग्गाहरुको नापी नक्सा प्रिन्ट गर्ने कार्यको लागि सदरमुकाम नै जानुपर्ने वाध्यतालाई न्यूनीकरण गर्नको लागि अनलाईन नक्सा प्रणाली “मेरो कित्ता” संचालनमा ल्याइनेछ ।

२३. गाउँपालिकाबाट सम्पादन हुने कामहरुलाई सम्भव भएसम्म अनलाईन प्रणालीबाट सेवा प्रदान गरिनेछ । गाउँपालिकाका गतिविधि प्रबर्द्धन गर्ने स्थानीय स्तरमा कार्यक्षेत्र भई संचालित संचार माध्यमहरुलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराईनेछ ।

२४. गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान हुने सेवाहरुलाई सम्भव भएसम्म नागरिकको नजिकमा पुऱ्याइनेछ । जन्मदर्ता, बिहे दर्ता, दृत्यु दर्ता जस्ता व्यक्तिगत घटना दर्ता कार्यलाई वडा कार्यालयको पहलमा ३५ दिनभित्र सम्पन्न गराउने वडा कार्यालयहरु मार्फत आवश्यक प्रयास गरिनेछ । गाउँपालिकाले गर्नुपर्ने खर्च सार्बजनिकीकरण, सार्वजनिक सुनुवाई तथा

सामाजिक परीक्षण, वार्षिक समिक्षा जस्ता सुशासनका माध्यमहरुलाई नियमानुसार कार्यान्वयन गरिनेछ । गाउँपालिकामा कार्यरत कर्मचारीहरुको मनोवल उच्च राख्न, क्षमता विकास कार्यक्रमहरुको व्यवस्था गरिनेछ । जनगुनासोलाई सम्बोधन गर्न हेल्पडेस्कको व्यवस्था गरिनेछ ।

२५. गाउँपालिका अन्तर्गत कार्यरत शिक्षक तथा कर्मचारीको सेवा सुविधामा समानता ल्याउन तथा अतिरिक्त समय कार्य गर्ने कर्मचारीलाई प्रोत्साहन गर्न कर्मचारीलाई मौद्रिक प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ ।

२६. शैक्षिक, सामाजिक, आर्थिक रुपले पछाडी पारिएका महिलाहरुलाई सीप तथा क्षमता विकास मार्फत उत्थानका कार्यक्रम लागू गरिनेछ । स्थानीय सरकारका हरेक सार्वजनिक निकायमा समानुपातिक समावेशी सिद्धान्त अनुसार सहभागी गराइनेछ ।

२७. महाकुलुङ गाउँपालिकाको वडा नं. २ फुलवाती खोलामा “महाकुलुङ ताल” निर्माणको लागि आवश्यक अध्ययन, तथा पहल गरिनेछ ।

२८. गाउँपालिकामा हुने सानातिना विवाद तथा पारिवारिक मिलापका लागि मौजुदा कानूनको विषयमा जानकारी दिन कानूनी जानकारी तथा परामर्शका कार्यक्रम संचालन गरिनेछ ।

२९. अपाङ्गता भएका व्यक्तिहरुको सहि पहिचान गरी अपाङ्गताका प्रकार तथा अशक्तताका स्तरअनुसार परिचयपत्र वितरण साथै वितरित परिचयपत्रको पुनरावलोकन गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुको वास्तविक तथ्यांक संकलन गरी उचित पुनस्थापन तथा व्यवस्थापनका कार्यक्रमहरु लागू गरिनेछ । गाउँपालिका क्षेत्रभित्र सार्वजनिक भौतिक संरचनाहरु निर्माण गर्दा अपाङ्गमैत्री बनाउन विशेष पहल गरिनेछ ।

३०. महाकुलुङ गाउँपालिकामा स्थापित ज्येष्ठ नागरिक हेरचाह केन्द्रलाई थप सेवा सुविधा सहित संचालित गरिनेछ । ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यको थालनी गरिनेछ ।

३१. गाउँपालिकाको आफ्नो क्षेत्रभित्रको विभिन्न स्थानको विपद जोखिम नक्सांकन गरी विपद प्रतिकार्य योजना निर्माण गरिनेछ । विपद संवेदनशील क्षेत्र लक्षित कार्यक्रम संचालन तथा पूर्व तयारी गरिनेछ । विपद पछिको उद्धार तथा राहत सामग्री तयारी अवस्थामा राखिनेछ । विपद्का बेला उद्धारका लागि खुला क्षेत्र समेतको पहिचान गरी जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गरिदै लगिनेछ ।

३२. शिक्षा क्षेत्रमा लगानी नै भोलीका युवामा लगानी भन्ने सोंचलाई आत्मसात गरी शिक्षा क्षेत्रमा गरिने लागनीलाई प्राथमिकतासाथ निरन्तरता दिइनेछ । शिक्षामा भौतिक पूर्वाधार विकास र डिजिटलाइजेसन गरी शिक्षालाई प्रविधीमैत्री बनाइने छ ।

३३. गाउँपालिका भित्रका सबै विद्यालयलाई भौतिक सुविधा सम्पन्न बनाउन, गुणस्तरीय शिक्षा प्रदान गर्न र विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गर्न विभिन्न गैह्रसरकारी संस्थासँग सहकार्य गरी समुचित प्रबन्ध गरिने छ । गाउँपालिका भित्रका विद्यालयहरुमा अनिवार्य इन्टरनेटको पहुँच विस्तार गरी अनलाइन सिकाइ तथा शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिदै लगिनेछ । आवासीय सुविधा सहितको विद्यालयलाई अनुदानको व्यवस्था गरिनेछ ।

३४. सबै सामुदायिक विद्यालयहरु मध्येबाट उत्कृष्ट अध्यापन गराउने, रचनात्मक, लगनशील लगायतका मापदण्डमा आधारित रहेर मुल्याङ्कन गरी प्रधानाध्यपक/शिक्षकलाई प्रोत्साहन गर्न पुरस्कारको व्यवस्था गरिनेछ । परीक्षाको नतिजाका आधारमा उत्कृष्ट विद्यालय, शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समितिलाई समेत प्रोत्साहनको व्यवस्था गरिनेछ ।

३५. विद्यालय उमेर समूहका वालवालिकालाई विद्यालयको पहूँचभन्दा बाहिर नराखिने राष्ट्रिय नीतिलाई कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ । यसका लागि विद्यालय, अविभावक तथा जनप्रतिनीधि समेतको समन्वयात्मक प्रयासलाई अगाडि बढाइनेछ । विद्यालय शिक्षक अनुदानलाई निरन्तरता दिइनेछ ।

३६. खेलकुदबाट बालबालिकाहरुको शारीरिक र मानसिक विकास हुनुका साथै आत्मविश्वासमा समेत वृद्धि हुने भएकोले राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता तथा अन्य खेलकुद गतिविधिलाई विद्यालयहरुसँगको समन्वय र सहकार्यबाट निरन्तरता दिइनेछ ।

३७. विद्यालयको पठन-पाठन एवं अध्यापन कार्यको समेत नियमित सुपरिवेक्षण गरी सुधारको कार्यलाई निरन्तरता दिईनेछ । साथै यस कार्यमा शिक्षा समितिहरुलाई सक्रिय बनाइनेछ । त्रैमासिक रुपमा शिक्षा समितिको वैठक विद्यालयका प्रधानाध्यापकहरुसँग बसी शैक्षिक अभिवृद्धिका लागि पहल तथा सुधार गरिनेछ । विद्यालय शिक्षा सुधारका लागि संघीय तथा प्रदेश सरकारको सहकार्यमा गुणस्तर सुधारका कार्यहरु कार्यान्वयनमा ल्याइनेछ । विद्यालयमा स्वास्थ्य तथा सरसफाईयुक्त वातावरण निर्माण गरिनेछ । साथै विद्यालयको पुनर्निर्माण तथा भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ । शिक्षक तालिम, अभिमुखीकरण कार्य संचालन गर्नका लागि गैरसरकारी संस्थाहरुसँग आवश्यक समन्वय र सहजीकरण गरिनेछ ।

३८. सबै विद्यालयमा अध्ययन गर्ने छात्राहरुको उमेर र अवस्थाको आधारमा स्यानटरी प्याड निःशुल्क वितरण कार्यलाई निरन्तरता दिइने छ ।

३९. गाउँपालिका सञ्चालन गरिएको प्राविधिक धार सिभिल इन्जिनियरिङ कक्षा सञ्चालन भईरहेको सगरमाथा माध्यमिक विद्यालयलाई १२ कक्षासम्म स्तरउन्नोति गरिनेछ । प्राविधिक धारको माध्यमिक विद्यालय सञ्चालन गर्नका लागि चाहिने पूर्वाधार विकासका लागि प्रदेश सरकार तथा संघीय सरकारसँग आवश्यक पहल गरी पूर्वाधार तथा चाहिने दक्ष जनशक्ति तथा दरबन्दीको व्यवस्था गरिनेछ ।

४०. प्राविधिक शिक्षामा प्राविधिक तथा उच्च शिक्षा अध्ययनका लागि आवश्यक वजेट व्यवस्थापन गरी शिक्षा प्रदान गरिनेछ । गाउँपालिकाको छात्रवृत्तिमा निश्चित अध्ययन गर्ने विद्यार्थीले गाउँपालिकामा अनिवार्य सेवा गर्ने व्यवस्थ गरिनेछ ।

४१. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत विद्यालयहरुको सम्पुर्ण परिवर्तित तथ्याङ्क तथा विवरण अनिवार्य रुपमा अध्यावधिक गराउने, IEMIS बाट जारी गरिएको र हुने विद्यार्थी परिचय पत्र सबै विद्यालयमा अनिवार्य प्रयोग गर्ने व्यवस्था गरिनेछ । IEMIS को तथ्याङ्कको आधारमा सम्पुर्ण सेवा सुविधा उपलब्ध गराइने नीति अवलम्बन गरिनेछ ।

४२. कृषि बालीमा लाग्ने रोग किराहरुको रोकथाम तथा निदान र पशु चौपायाहरुमा लाग्ने रोगहरुको उपचारको लागि प्रत्येक वडामा कृषि तथा पशु प्राविधिकको व्यवस्था गरी टोल टोलमा प्राविधिक सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ। कृषकहरुलाई कृषि तथा पशुपालन प्रविधिको बारेमा जानकारी गराउन कृषि तथा पशु प्राविधिकहरुलाई टोल टोलमा परिचालन गरिनेछ ।

४३. बुङ बजार क्षेत्रमा हुने अव्यवस्थित पशुवध कार्यले गर्दा वातावरण प्रदुषण हुने हुनाले उपयुक्त स्थानमा वधशाला निर्माण गरी व्यवस्थित गरिनेछ ।

४४. कृषि तथा पशुपालन गर्ने कृषक, समुह र उद्यमीहरुलाई प्रोत्साहन गर्नका लागि कृषकको क्षमता अभिबृद्धिको लागि पालिका स्तर तथा प्रदेश स्तरको तालिम केन्द्रसंग समन्वय गरी विभिन्न तालिम तथा गोष्ठीहरु सञ्चालन गरिनेछ ।

४५. कृषि प्रदर्शनी लगायतका कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ । कृषक पाठशाला संचालन, प्रविधी हस्तान्तरण, रोगकिरा नियन्त्रणका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । चिया विरुवा वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४६. ७० वर्षका जेष्ठ नागरिक, ६० वर्षका दलित जेष्ठ नागरिकहरु, क वर्गका फरक क्षमता भएका व्यक्तिहरुका लागि तथा गर्भवती महिलाका लागि पालिका भित्र निःशुल्क एम्बुलेन्स व्यवस्थालाई निरन्तरता दिइनेछ ।६० वर्ष नाघेका जेष्ठ नागरिकहरु र गरिव तथा असहाय, विपन्न नागरिकका उपचार गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ । स्वास्थ्य संस्थाहरुमा गर्भवती महिलाहरुको गर्भ जाँच (ANC) तथा सुत्केरी पछिको जाँच (PNC) लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

४७. गाउँपालिकाभित्रका सबै सडकहरु स्तरोन्ती गरी मूख्य सडकहरुमा वर्षभरी नै गाडी गुड्न सक्ने गरी बाटोको स्तरबृद्धि गरिनेछ । गाउँपालिकाको केन्द्र आसपास बसपार्क निर्माण गरिनेछ । साथै प्रत्येक वडाका मूख्य बजार क्षेत्रमा सम्बन्धित वडाको समन्वयमा बसपार्क क्षेत्र निर्धारण गरिनेछ ।

४८. गाउँपालिकाका सडकहरुमा हरियाली कायम गर्न सडकमा विरुवाहरु रोपिने कार्यलाई निरन्तरता दिइनेछ । बायो इन्जिनियरिङको अवधारणा अनुसारको कार्य अगाडी बढाइनेछ ।

४९. प्रत्येक नागरिकको आवश्यकता तथा अधिकारको रुपमा रहेको शुद्ध खानेपानी वितरणको लागि एक घर एक धारा निर्माणलाई निरन्तरता दिइनेछ ।

५०. गाउँपालिकाभित्र स्वच्छ खानेपानीको व्यवस्था गरी सबै नागरिकलाई स्वच्छ खानेपानी हक सुनिश्चित गर्न आवश्यक पहल गरिनेछ ।फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त स्थानमा डम्पिङ साईड व्यवस्थापन गरिनेछ ।

५१. गाउँपालिकालाई राजस्वको स्रोत संकलन गरी आर्थिक रुपमा दीगो बनाउने प्रयास स्वरुप गाउँपालिकाको करको दायरा वृद्धि गरिनेछ । पर्यटकीय क्षेत्र, खोला तथा नदीनालाहरुलाई राजस्वको मूख्य श्रोतको रुपमा विकास गर्न पहल गरिनेछ। पालिकाको दिगो आम्दानीको श्रोतहरुको पहिचान गरी करको दायरामा ल्याइने नीति बनाई कार्यान्वयन गरिनेछ । राजश्व संकलन कार्यलाई प्रविधि मैत्री वनाइनेछ ।

५२. गाउँपालिकाका युवाहरुलाई विभिन्न रोजगारमुलक तालिम दिई रोजगारी सृजना गरिनेछ जसबाट गाउँपालिकाको वेरोजगारी न्यूनीकरण गर्न सघाउ पुग्नेछ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत गाउँपलिकाले शत प्रतिशत लागत साझेदारी गरी पाँचै वडामा रोजगार कार्यक्रम संचालन गरिनेछ ।

५३. महाकुलुङ गाउँपालिकामा कार्यक्षेत्र बनाई कार्य गर्ने गैर सरकारी तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थासँग सहकार्य गरी शिक्षा, स्वास्थ्य, पूर्वाधार क्षेत्रमा लगानी गर्ने नीति सहित लगानी मैत्री वतावरण तयार गरी सम्मान र प्रोत्साहन गरिनेछ ।

५४. स्व-उत्पादनमा आधारित उद्योगलाई प्रोत्साहन गर्न आन्तरिक लगानीकर्ता र बाह्य लगानीकर्ताको लगानी भित्रिने वातावरण तयार गरिनेछ भने यस्ता उद्योगहरुको स्थापना र सञ्चालनका लागि प्रोत्साहन गर्न सहजीकरण गर्नका लागि कर छुट लगायतका सुविधाहरु प्रदान गरिनेछ ।

५५. विभिन्न व्यवसायको प्रवर्द्धन र सुरक्षा निकायको समन्वयमा पूर्ण सुरक्षाको प्रत्याभूतिको वातावरण बनाउँदै गाउँपालिकालाई उद्योग मैत्री गाउँपालिकाको रूपमा विकसित गरिने नीति कायमै राखिनेछ ।

५६. खेलकुद क्षेत्रलाई विशेष क्षेत्रको रुपमा विकास गरिनेछ । गाउँपालिकाको वडा नं. ३ छेस्काममा रहेको महाकुलुङ खेलमैदानको जग्गा प्राप्तिको कार्य सम्पन्न गरी सुविधा सम्पन्न खेलमैदानको रुपमा विकास गरिनेछ ।

५७. वडा नं. ४ मा जग्गा प्राप्ति भई डिपिआर निर्माण भई सकेको र निर्माणधीनको लागि आवश्यक वजेट प्राप्तिको लागि आवश्यक पहल गरिनेछ । फूटबल खेलका राष्ट्रिय खेलाडी सुश्री प्रिति राई कुलुङको सम्मान स्वरुप खेलमैदानको नामाकरण प्रिति कुलुङ खेल मैदानको रुपमा नामाकरण गरिनेछ ।

५८. महाकुलुङ गाउँपालिका १ को जिरो पोइन्टको जग्गा गाउँपालिकाको नाममा प्राप्ति गरी आवश्यक स्तरोन्नतिको लागि आवश्यक डिपिआर निर्माण गरिनेछ ।

५९. स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्नको लागि स्थानीय स्तरमा उत्पादित अल्लोको कपडा तथा स्थानीय आदिवासी जनजातिको प्रचलित ढाकाको कपडालाई यस गाउँपालिकामा सरकारी कर्मचारी तथा जनप्रितिनिधिको पोषाकको रुपमा मान्यता प्रदान गरिनेछ ।

६०. गाउँपालिकाको विभिन्न दुर दराजको क्षेत्रसम्म मामेर्कु, बोक्सुवार, गाइखर्क, सानाम, नुर्कुम, तिउ जस्ता स्थानमा सडक पँहूच पुऱ्याउनको लागि आवश्यक पहल गरिनेछ ।

६१. विकास निर्माणमा गैरसरकारी संस्थाहरुसँग समन्वयका अतिरिक्त अन्तरतह समन्वयलाई विशेष ध्यान दिइनेछ । संघीय तह, प्रदेश तह तथा अन्य स्थानीय तहसँग आवश्यक समन्वय गरी गाउँपालिकाको समग्र विकासमा सह-लगानीको वातावरण तयार पारिनेछ ।

६२. आर्थिक बर्ष २०८२/०८३ का नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४,(संशोधन सहित), अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, गाउँपालिकाका योजना तर्जुमा सम्बन्धी मार्गदर्शन (परिमार्जन सहित) २०७४, चुनावी घोषणा पत्र र यस गाउँपालिकाका बजेटका क्षेत्र तथा सीमाले निर्दिष्ट गरेका योजना तर्जुमा प्रकृयालाई आधार मानिएको छ । संघीय सरकार र प्रदेश सरकारद्वारा प्रस्तुत नीति कार्यक्रम तथा बजेट र जनप्रतिनिधिहरुको छलफल तथा विभिन्न चरणमा पेश गरेका निवेदनहरु साथै गाउँसभा सदस्यहरुबाट स्थानीयहरुसँग संकलन गरिएका मागहरुलाई समेत समावेश गरिएको छ । अघिल्लो आ.व.मा सञ्चालन तथा सम्पन्न हुन नसकेका आयोजनाहरु समेत समेटिएका छन ।

गाउँसभाका मान्य सदस्यज्यूहरु,

६३. आर्थिक वर्ष २०८२/८३ को यस नीति तथा कार्यक्रमले स्थानीय नागरिकको अथाह विकासको चाहनालाई पूर्ण रुपमा सम्वोधन गर्न नसकेपनि गाउँपालिकाको सर्वाङ्गीण विकासमा एक महत्वपूर्ण पाइला हुनेछ भन्नेमा विश्वस्त छु । यो नीति तथा कार्यक्रम गाउँपलिकाको एक वर्षे मार्गदर्शक तथा गाउँपालिकाको सुनौलो भविष्यको साधन बन्ने आशा गरेको छु । नेपालको राष्ट्रिय लक्ष्य तथा गाउँपालिकाको मूल लक्ष्य प्राप्तिको दिशामा सबै जनप्रतिनिधी, कर्मचारी, तथा गाउँपालिकावासी सबैमा हार्दिक आव्हान गर्दछु । नागरिकको सेवा नै सरकारको पहिलो प्राथमिकता पर्नुपर्छ, नागरिक नै शासनको वास्तविक मालिक हुन् ।

अन्त्यमा,

६४. गाउँपालिकाको नीति तथा कार्यक्रमलाई अक्षरस कार्यान्वयन गर्नमा जनप्रतिनिधी, कर्मचारी, तथा गाउँपालिकावासी सबैको उत्तिकै योगदान रहनेछ । गाउँपालिकाको समृद्धिको लागि आफ्नो क्षेत्रबाट योगदान दिनुहुने सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु। साथै निरन्तर सहयोगको पनि आव्हान गर्दछु ।

धन्यवाद !!

जय महाकुलुङ गाउँपालिका

मिति २०८२ अषाढ १० गते ।